# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या:२०७५।७६

च.नं.:

मितिः २०७५।१२।१५

श्री प्रमुखज्यू,
घोडाघोडी नगरपालिका,
कैलाली ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट घोडाघोडी नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४, स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.६ करोड ६३ लाख ३६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२४ लाख ५७ हजार, नियमित गर्नुपर्ने रु.२९ लाख ६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५ करोड ५४ लाख ८५ हजार र पेश्की रु.५४ लाख ८८ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।०९।१२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रमाण कागजात सहितकोप्रतिकृयापेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना पन्ध्र(१५) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# घोडाघोडी नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारित दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ ।सुदूरपश्चिम प्रदेशमा अवस्थित यस नगरपालिका अन्तर्गत १२ वडा, ३५४.४४ वर्ग कि.मी.क्षेत्रफल र ८७६७९ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबकोसंक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि. नं. | आयतर्फ | | | सि. नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | **३८,८२४,०८९.३१** | १ | **चालु खर्च** | | ११,११३,९८३.३१ |
| | क) नगद | २१९,४२५.३९ | | २ | **पूँजीगत खर्च** | | |
| | ख) बैंक | ३८,६०४,६६३.९२ | | ३ | **वित्तीय हस्तान्तरण** | | **४५१,७८२,९५३.१२** |
| | ग) धरौटीको जिम्मेवारी | | **१,१९४,७७८.६१** | | क) वित्तीय समानीकरण अनुदान | २८४,८०३,१४१.०५ | |
| २ | **राजस्व (आन्तरिक आय)** | | **११,११३,९८३.३१** | | ख) सशर्त अनुदान | १६१,९५८,०४३.७५ | |
| | क) आन्तरिक राजस्व | ११,११३,९८३.३१ | | | ग) को.ले.नि.का फिर्ता | ५,०२१,७६८.३२ | |
| | ख) राजस्व बाँडफाँड | | | ४ | **अन्य विविध खर्च** | | **१११,७०३,२००.००** |
| ३ | **वित्तीय हस्तान्तरण** | | **५७२,६०९,०००.००** | | सडक बोंड | ३,१५०,०००.०० | |
| | क)वित्तीय समानीकरण अनुदान | ४०५,२८३,०००.०० | | | :yf= zf= ;f= lj= 3658193 | ८७९,०००.०० | |
| | ख) सशर्त अनुदान | १६७,३२६,०००.०० | | | स्था. शा. सा. वि. ३६५८१९४ | ६००,०००.०० | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **५१२,०००.००** | | सेवक नेपाल | २५,०००.०० | |
| | क) विशेष अनुदान | ५१२,०००.०० | | | जि.स.स. अनुदान | ५३०,०००.०० | |
| ५ | **धरौटी आय** | | २,९५२,५९४.४४ | | समाजिक सुरक्षा कार्यक्रम | १०१,०६८,०००.०० | |
| ६ | **अन्य विविध आय** | | **११६,६१४,८८९.९८** | | गत आ.व. को समाजिक सुरक्षा कार्यक्रम | ५,४५१,२००.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्था. शा. सा. वि. ३६५८१९३ | ८७९,०००.०० | | ५ | **धरौटी फिर्ता/खर्च** | | ५२०,०००.०० |
| | स्था. शा. सा. वि. ३६५८१९४ | ६००,०००.०० | | ६ | **मौज्दात** | | **१७१,०४५,३७१.२२** |
| | जिल्ला समन्वय समितिवाट प्राप्त | ५३०,०००.०० | | | क) नगद मौज्दात | ७६६,४९८.१४ | |
| | सडक वोर्ड | ३,१५०,०००.०० | | | ख) बैंक मौज्दात | १७०,२७८,८७३.०८ | |
| | सेवक नेपाल | २५,०००.०० | | | ग) धरौटीको मौज्दात | | **३,६२७,३७३.०५** |
| | प्रगतिनगर सडक कालोपत्रे नगद लागत | १,०८३,६४४.०० | | | | | |
| | शान्तिनगर रित्र रोड नगद लागत | २,५००,०००.०० | | | | | |
| | खडक बोगटी बाट जे.सी.बी. भाडा प्राप्त | १५०,०००.०० | | | | | |
| | सा.सु.भत्ता वाफत पेश्की वांकी नगद प्राप्त | ५,४६६,८००.०० | | | | | |
| | रामारोशन निर्माण सेवा | २७,०००.०० | | | | | |
| | श्रोत नखुलेको रकम आम्दानी | १,१३५,४४५.९८ | | | | | |
| | समाजिक सुरक्षा कार्यक्रम | १०१,०६८,०००.०० | | | | | |
| ७ | **अन्य** | | **५,९७१,५४५.०५** | | | | |
| | भुक्तानी दिन बांकी कर | | | | | | |
| | भुक्तानी दिन बांकी बहाल कर | ५,७६२,९६८.१८ | | | | | |
| | धरौटी कट्टा | २०८,५७६.८७ | | | | | |
| | **जम्मा** | | **७४९,७९२,८८०.७०** | | **जम्मा** | | **७४९,७९२,८८०.७** |

**(ख) विनियोजनतर्फः**

| **बजेट उप–शीर्षक** | **कार्यक्रमको नाम** | **वार्षिक बजेट** | **निकासा** | **खर्च** | **बाँकी** | **पेश्की** |
|---|---|---|---|---|---|---|
| 3650153 | ज्येष्ठ नागरिक दीर्घ सेवा | 109848000.00 | 101068000.00 | 101068000.00 | - | - |
| 3658193 | स्थानीय शासन सामुदायिक विकास | 879000.00 | 879000.00 | 879000.00 | - | - |
| 3658194 | स्थानीय शासन सामुदायिक विकास | 600000.00 | 600000.00 | 600000.00 | | |
| | जम्मा | **111327000.00** | **102547000.00** | **102547000.00** | | |

**(ग) राजस्वतर्फः:**

| **क्र.सं.** | **शीर्षक नं.** | **लगत हसबली समेत रु.** | **असुली रु.** | **दाखिला रु.** | **बाँकी रु.** |
|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १ | १५११२ | ५४५१२००.०० | ५४५१२००.०० | ५४५१२००.०० | | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **आन्तरीक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालीकाले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, व्यक्तिगत जिन्सी खाता नराखेको, भ्रमण अभिलेख नराखेको, गाडीहरुको मर्मत सम्भारको विवरण (म.ले.प.फा. नं.-२) नराखेको तथा नगरसभावाट सार्वजनिक लेखा समिति गठन गरी आय व्ययको हिसाव परीक्षण समेत नगरेको देखिन्छ । अतः कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट सम्पादन गरी उत्तम नतिजा प्राप्त गर्न तत्काल आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धि निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याईनूपर्ने देखिन्छ । | |
| २. | **स्वीकृत लेखा ढाँचा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयले विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले सो बमोजिम लेखा राखेको पाईएन । अतः नगरपालिकाले विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लेखा ढाँचामा राख्नुपर्दछ । | |
| ३. | **एकीकृत आर्थिक संकेत :** सरकारको आम्दानी, खर्च र सम्पत्ती तथा दायित्वलाई अन्तर्राष्ट्रिय मानदण्ड अनुरूप बनाउने उद्देश्यले महालेखापरीक्षकको कार्यालयबाट आर्थिक वर्ष २०७४।७५ देखि स्थानीय तहमा लागु हुने गरि एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ तयार गरि कार्यान्वयन गरिएकोमा नगरपालिकाले सो बमोजिम लेखा राखेको पाईएन । अतः नगरपालिकाले एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम राजश्व तथा खर्च संकेत अनुसार लेखा राख्नुपर्दछ । | |
| ४. | **प्रगति** :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा कार्यालयलाई प्राप्त अख्तियारी र कार्यक्रममा उल्लेखित कार्य सम्पन्न गरी सो को प्रगति प्रतिबेदन तालुक निकायमा पठाउनु पर्दछ । कार्यालयले बिभिन्न बजेट उपशिर्षकहरुमा गरेको कामको प्रगति र गाउँ सभाबाट पारित बजेट कार्यान्वयन गर्दा हासिल गरेको प्रगति विबरण तयार गरेको देखिएन । अतः नगरपालिकाले प्रगति विबरण तयार गर्नुपर्दछ। | |
| ५. | **मध्यकालीन खर्च संरचना :** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित देहायको विवरण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उक्त बमोजिम खर्चको मध्यकालीन खर्चको संरचना तयार नगरेकोले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा मध्यकालीन खर्च संरचना समेत तयार गर्नुपर्दछ ।<br>(क) प्रस्तावित योजनाको उद्देश्य,<br>(ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुटयाउन आवश्यकताको पुष्ट्याई,<br>(ग) प्रस्तावित योजना कार्यन्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि,<br>(घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,<br>(ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,<br>(च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको | |

| | | |
|---|---|---|
| | तादाम्यता,<br>(छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुटयाइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण । | |
| ६. | **vl/b of]hgf M** ;fj{hlgs vl/b P]g, 2063 sf] bkmf 6 adf]lhd ;fj{hlgs lgsfon] tf]lsPadf]lhd vl/bsf] u'?of]hgf tyf jflif{s vl/b of]hgf tof/ ug'{kg]{ Joj:yf % . sof{non] ;f] cg'?k vl/b of]hgf tof/ u/]sf] kfOPg . ctM P]g tyf lgodfjnLdf tf]s] adf]lhd u'? of]hgf tyf jflif{s vl/b of]hgf agfpg] / ;f] adf]lhd vl/b Joa:yfkg ug]{tkm{ sfof{non] Wofg lbg'kb{% . | |
| ७. | **चौमासिक विवरण :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालय चौमासिक विवरण तोकिएको निकायमा पठाएको देखिएन । अतः कानुनको परिपालना हुनुपर्दछ । | |
| ८. | **अवकाश कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट दश प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्ने गरी एक अवकाश कोष स्थापना गर्नूपर्ने व्यवस्था छ । स्थानीय सेवाका कर्मचारी अवकाश हुँदा कानून बमोजिम पाउने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सबै सुविधा उपलब्ध गराउन कोष स्थापना गर्नुपर्दछ । | |
| ९. | **ठेक्काको अभिलेख** : आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद – ११ को नियम ९२ अनुसार प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढांचामा राख्नुपर्ने छ । लेखा भिड्ने प्रमाणित कागजातहरु पनि सिलसिलाबद्ध तरिकाले राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट गत विगत वर्षमा के कति कामको ठेक्का पट्टा भएको थियो र ती ठेक्का मध्ये के कति ठेक्का सम्पन्न एबं भुक्तानी भई कति  वांकी रहेको छ, ठेक्काको निर्माण सम्पन्न हुने अवधि, भुक्तानी मिति, वैंक ग्यारेन्टी र विमाको म्याद खुल्ने विवरणको( म.ले.प.फा.नं.१९०) अभिलेख जस्ता निर्माण कार्यको प्रमाणीत गर्ने अभिलेखहरु कार्यालयले राख्ने गरेको देखिएन । यी अभिलेखको अभावमा ठेक्काको म्याद वैंक ग्यारेन्टीको र विमाको म्याद, ठेक्कामा हालसम्म कति भुक्तानी भयो र कति भुक्तानी हुन वांकी छ सो सम्वन्धि जानकारी नहुने हुंदा, वैंक ग्यारेन्टी र विमाको कभरेज नहुने र अभिलेखको अभावमा  एउटै कामको दोहोरो भुक्तानी हुन सक्ने हुंदा नियमानुसार राख्नु पर्ने उपरोक्त अनुसारको व्यहोरा खुल्ने गरी अभिलेख राख्नुपर्ने देखिन्छ । | |
| १०. | **नापी किताव :** कार्यालयले वहुवर्षिय आयोजनाको निर्माण व्यवसायीलाई रनिङ्ग विल भुक्तानी गर्दा नापि कितावको आधारमा भुक्तानी दिने व्यवस्था रहेको छ । परीक्षण गरिएका संलग्न गोश्वारा भौचरसंग संलग्न फांटवारीमा निर्माण व्यवसायीले कार्य गरेपछि भुक्तानी प्रयोजनको लागि कम्प्युटरबाट छुट्टा छुट्टै लुज सिट समावेश गरी रकम भुक्तानी दिने गरेको देखियो । कामको एकिकृत नापी देखिने अभिलेख नहुनाले दोहोरो विल तयार गरि निर्माण व्यवसायीलाई भुक्तानी हुन सक्ने जोखिम रहेको छ । तसर्थ कार्य सम्पन्न भएपछि भुक्तानी दिएको कम्प्युटरवाट तयार भएको लुज सिट वाइन्डिङ एबं प्रमाणित गरि सोही | |

| | | |
|---|---|---|
| | आधारमा एकिकृत नापी अभिलेख तयार हुनु पर्दछ । | |
| ११. | **अख्तियारी प्रदान :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र नगरप्रमुखले प्रमुख प्रशासकिय अधिकृत लाई बजेट खर्च गर्ने अख्तियारी दिनुपर्ने ब्यबस्था छ । आर्थिक बर्ष २०७४।७५ को बजेट मिति २०७४।६।२९ मा स्वीकृत भएकोमा प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी प्रदान गरेको देखिएन । ऐनले तोकेको समय भित्र अख्तियारी प्रदान गर्नु पर्दछ । | |
| १२. | **न्यूतत्तम दररेट :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनत्तम दररेट तोक्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कानुन बमोजिम न्यूनत्तम दररेट निर्धारण गरेको नपाईएकोले निर्माण कार्यसँग सम्बन्धित दर विश्लेषणको सम्बन्धमा यकिन हुन सक्ने अवस्था नदेखिएकोले नगरपालिकाले नयूनत्तम दररेट निर्धारण गर्नुपर्नछ । | |
| १३. | **सहरी योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८७ मा सहरी योजना जस्ता विषयको डिजाईन खरिद गर्नु पर्दा त्यस्तो डिजाईन सम्बन्धी विस्तृत विवरणसहितको कागजात तयार गरी त्यस्तो कागजात अनुरुप डिजाईन प्रतियोगिता गराई उपयुक्त डिजाइन खरिद गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले नगर यातायात तथा ढल निकासको गुरुयोजना तयार गर्दा सहरी विकासको लागि उपयुक्त डिजाइनको लागि प्रतियोगिता गराई डिजाइन खरिद गर्न उपयुक्त देखिन्छ । | |
| १४. | **विवरण सार्वजनिक :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने तथा दफा ७६(४) मा आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले खर्चको प्रगति विवरण तथा आय-व्ययको विवरण सार्वजनिक गरेको देखिएन । अतः कानुन बमोजिम प्रगति विवरण कार्यपालिकामा पेश गर्ने तथा आय-व्ययको विवरण सार्वजनिक गर्नुपर्दछ । | |
| १५. | **आन्तरिक लेखापरीक्षण :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(३) मा आन्तरिक लेखापरीक्षणले औंल्याईएका कैफियत अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले अन्तिम लेखापरीक्षणसम्म पनि आन्तरिक लेखापरीक्षण प्रतिवेदन उपर कुनै कारवाही गरेको नदेखिएकोले ऐनको पालना भएको देखिएन । | |
| १६. | **पदाधिकारी सुविधा :**प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा यस ऐनमा उल्लेखित सुविधा बाहेक अन्य सुविधा लिन नहुने उल्लेख छ । प्रदेश कानून अनुसार नगरपालिकाका मेयर, उपमेयर, वडा अध्यक्ष, वडा सदस्यहरुलाई बैठक भत्ता सुविधा दिने व्यवस्था छैन । कार्यालयले नगर सभा को निर्णय नं १४ ले २०७४ श्रावण देखि आषाढ सम्मको बैठक भत्ता वापत रु. ९,८७,०००।- खर्च लेखेको देखिएको रु..... | 9,87,000.00 |
| १७. | **वडा पदाधिकारीको बैठक भत्ता :** प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनमा उल्लेखित सुविधा बाहेक अन्य सुविधा लिन नहुने उल्लेख छ । कार्यालयले देहायका वडाहरुलाई बैठक भत्ता वापत भुक्तानी गरेको रु....... | 6,48,000.00 |

| भौ. नं र मिति | विबरण | रकम(रु.) |
|---|---|---|
| २२७/०७५/२/३ | वडा नं १०,११,र १२ को असोज देखि माघ सम्मको बैठक भत्ता | २७००००.०० |
| २२९/०७५/२/३ | वडा नं ११ का वडा अध्यक्ष र सदस्यहरुको फाल्गुण र चैत्रको बैठक भत्ता | १०८०००.०० |
| ३२२/०७५/३/८ | वडा नं १०,११,र १२ को २०७५ बैशाख देखि आषाढको बैठक भत्ता | १६२०००.०० |
| ४०३/०७५/३/२० | वडा नं ८ को २०७४ माघ देखि ०७५ आषाढ को बैठक भत्ता | १०८०००.०० |

<table>
<tr><td></td><td><table><tr><td></td><td>जम्मा</td><td>६४८०००.००</td></tr></table></td><td></td></tr>
<tr><td>१८.</td><td>नीजि सचिवको व्यबस्था : स्थानिय तहमा पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न वनेको ऐनमा यस्तो सुविधा पाउने व्यवस्था देखिएन । नगर कार्यपालिकाको मिति २०७४।०४।१६ को निर्णय अनुसार नगर प्रमुखलाई निजी सचिवालय व्यबस्था गर्ने तथा त्यसको लागि आबश्यक फर्निचर तथा मेसिनरी लगायतका सामानहरु नगरपालिकाबाट व्यवस्था गर्ने र एक जना ना.सु स्तरको न्युनतम तलव पाउने गरी कर्मचारी भर्ना गर्ने भनि गरेको निर्णय अनुसार एक जना कर्मचारी करारमा नियुक्त गरेको देखियो । नगर प्रमुखलाई आबश्यक पर्ने निजी सचिवालयको लागि कार्यालयको दरबन्दीबाट मिलान गरी काम लगाउनु पर्नेमा अन्य व्यक्तिलाई नियुक्ती गरी आर्थिक भार बढाएको उचित देखिएन ।</td><td></td></tr>
<tr><td>१९.</td><td>पोशाक खर्च : नगर कार्यपालिकाको मिति २०७५।१।१३ को निर्णयले निर्बाचित महिला तथा पुरुषहरुलाई अलग अलग औपचारिक पोशाक तोकि पोशाक खर्च दिने निर्णय गरेको छ । स्थानिय तहमा पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन अनुसार कानुनले नपाउने सुविधाको निर्णय गरेको देखियो ।</td><td></td></tr>
<tr><td>२०.</td><td>कर्मचारी सुविधा : ४।०७४।६।२७: नगरसभा संचालन गर्दा सांझ बिहान काम गरेवापतको अतिरिक्त सुविधा सभाको निणर्यले नगरपालिकाको आन्तरीक आयबाट खर्च हुने गरी प्रमुख प्रशासकिय अधिकृत समेत २४ जनालाई १ महिनाको तलब बराबर रकम रु. ४,६१,६६०।- प्रोत्साहन भत्ता भुक्तानी गरेको देखियो ।</td><td>४६१६६०.००</td></tr>
<tr><td>२१.</td><td>नगरपालिका अनुदान : कार्यालयले नगरपालिका अनुदान चालुबाट कृषि कार्यक्रममा देहाय अनुसार कृषकहरुलाई अनुदान वितरण गरेकोमा सम्झौतामा रकम उल्लेख नगरी अनुदान खर्च लेखेको देखियो । सम्झौता गर्दा रकम उल्लेख गरी सम्झौता गर्नुपर्दछ ।
<table>
<tr><th>भौ नं र मिति</th><th>बिबरण</th><th>रकम</th></tr>
<tr><td>१९/०७५/३/२८</td><td>मत्स्य अनुदान श्री पहलुराम चौधरी</td><td>११९८३५.००</td></tr>
<tr><td>१९/०७५/३/२८</td><td>मत्स्य अनुदान शितला कृषि फर्म</td><td>८६०५९७.००</td></tr>
<tr><td>२०/०७५/३/१९</td><td>कृषि अनुदान श्री परेक बहादुर रावल</td><td>२२८९६०.००</td></tr>
<tr><td>२१/०७५/३/३०</td><td>कृषि अनुदान श्री मेघ बहादुर रावल</td><td>१३४९१०.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२.</td><td>संचितकोष खाताबाट खर्च लेखेको : नगरपालिकाको संचित कोष खाताबाट विभिन्न खर्च खाताहरुमा रकम निकासा गरी खर्च गर्ने व्यवस्था छ । नगरपालिकाले मिति २०७५।०३।३२ गते भौ.नं. ६४ मार्फत संचित कोषको बैंक स्टेटमेन्टबाट झिकिएको रु. २२,३११।०० लाई हिसाब मिलान गर्न भनी खर्च लेखिएको पाइयो । बैंकसँग समन्वय गरी रकम झिकिनुको कारण पत्ता लगाई हिसाब समायोजन नगरी संचित कोष खातामा खर्च जनाइएको देखियो । उक्त रकम के मा खर्च भएको हो यकिन गरी हिसाब देखाउनु पर्ने रु.</td><td>22311.00</td></tr>
<tr><td>२३.</td><td>कर दाखिला : आयकर ऐन, २०५८ को दफा ९० बमोजिम भुक्तानीमा कर कट्टी गरेको रकम महिना भुक्तान भएको २५ गते भित्रमा सम्बन्धित कर कार्यालयमा दाखिला नगरेमा दफा ११९ बमोजिम १५ प्रतिशत व्याज समेत असुलउपर गर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न मितिमा कट्टा गरेको अग्रीम कर वापतको रु. २४,७६,६७६।१४, पारिश्रमिक कर वापतको रु. ५,५९,४२०।०० र सामाजिक सुरक्षा कर वापतको रु. ३,३५,४८३।०९ गरी जम्माकर रु. ३३,७१,५७९।२३ मिति २०७५।०५।१८ मा मात्र कर कार्यालयमा दाखिला गरेको देखियो । त्यसैगरी, विभिन्न मितिमा कट्टा गरेको बहाल कर वापतको रु. 5,762,968.18 कर कार्यालयमा दाखिला गरेको देखिएन । ऐनको उल्लेखित दफा अनुरुपको अवधीमा कर रकम दाखिला नगरेमा १५ प्रतिशत व्याज समेत लाग्ने हुदा समयमै कर रकम दाखिला गर्नुपर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td>५७६२९६८.१८</td></tr>
<tr><td>२४.</td><td>नगद दाखिला : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(३) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरी पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए पच्चिस प्रतिशत जरिवाना सहित नगद दाखिला गरी स्रेस्ता खडा गरी राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाको वडा नं. ४ र ९ मार्फत आर्थिक वर्षभरि उठेको कर</td><td>३९,३५८।००</td></tr>
</table>

रकम रु. ४,११,०८५।०० मध्ये लेखापरीक्षणको अवधी सम्ममा समेत रु. ३,७९,५९९।०० मात्र संचित कोष दाखिला गरी बाँकी रु. ३१,४८६।- राखेको देखियो । अतः पच्चिस प्रतिशतले हुन आउने जरिवाना रु. ७,८७२।- समेत रु. ३९,३५८।- सम्बन्धित वडा सचिववाट यथासिघ्र असुल उपर गरी संचित कोष दाखिला गर्नुपर्ने रु.........

२५. **बैक हिसाब मिलान :** स्रेस्ता अनुसार देखाएको बैंक मौज्दात तथा बैंक विवरणले देखाएको मौज्दात भिडान हुनुपर्दछ । बैंक नगदी किताबमा देखिएको बैंक मौज्दात र बैंकमा भएको वास्तविक मौज्दात फरक परेमा बैंक हिसाब मिलान विवरण तयार गरी फरकको कारण पत्ता लगाई श्रेस्ता अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयको वर्षान्तमा श्रेस्ता अनुसारको मौज्दात रु. १७,०२,७८,८७३।०८ देखिएको तथा बैंक मौज्दात रु. १२,५३,६८,९४१।६३ देखिएकोले फरक रु. ४४,९०,९९३१।४५ यकिन गर्न बैंक हिसाब मिलान विवरण तयार गरेको पाइएन । बैंक हिसाब मिलान विवरण तयार गरी फरकको कारण पत्ता लगाई श्रेस्ता अद्यावधिक गर्नुपर्ने देखिएको रु. ४४९०९९३१.४५

**सडक बोर्ड :**

२६. **कन्टिन्जेन्सी भुक्तानी :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) बमोजिम उपभोक्ता समितिलाई निर्माण कार्यको काम दिँदा लागत अनुमानमा रहेको कन्टिन्जेन्सी रकम कट्टा गरेरमात्र भुक्तानी गर्नुपर्नेमा देहाय बमोजिमको निर्माण कार्य गर्दा उपभोक्ता समितिलाई रु.१,३३,१५२.०० कन्टिन्जेन्सी वापतको रकम भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल हुनुपर्ने रु......... १,३३,१५२.००

| सि. नं | उपभोक्ता समितिको नाम | लागत अनुमान | जनसहभागिता | कार्य सम्पन्न मूल्यांकन | कन्टिन्जेन्सी रकम |
|---|---|---|---|---|---|
| १. | सरैयाँ नयाँ स्तोरन्नती बाटो सडक ग्राभेल तथा मर्मत उ.स. | ७१४२८५.०० | १०७१४२.०० | ७१४२८५.०० | २०८०५.०० |
| २. | गैडाखेडा काप्राको रुख-रामपुर स्कुल हुदैं भुरिया जाने बाटो ग्राभेल उ.स. | ४२८५७२.०० | ५५०००.०० | ४२८५७२.०० | १२४८३.०० |
| ३. | रतिपुर-शिखरझाला जाने बाटो सडक ग्राभेल तथा मर्मत उ.स. | ४२८५७२.०० | ५५०००.०० | ४२८५७२.०० | १२४८३.०० |
| ४. | बलिराम चौधरीको घर-उत्तर नारायणपुर गाउँको बाटो सडक ग्राभेल तथा मर्मत उ.स. | ४२८५७२.०० | ५५०००.०० | ४२८५७२.०० | १२४८३.०० |
| ५. | ईटाभट्टा-बगलैया जाने सडक ग्राभेल तथा मर्मत उ.स. | ४२८५७२.०० | ५५०००.०० | ४२८५७२.०० | १२४८३.०० |
| ६. | गणेशपुर झोलुङ्गे पुल-उत्तर सडक ग्राभेल तथा मर्मत उ.स. | ४२८५७२.०० | ५५०००.०० | ४२८५७२.०० | १२४८३.०० |
| ७. | पेट्रोल पम्प बेलकोट लोहरपुर जोड्ने बाटो स्तरोन्नति सडक ग्राभेल तथा मर्मत उ.स. | ४२८५७२.०० | ५५०००.०० | ४२८५७२.०० | १२४८३.०० |
| ८. | अस्नेरा-बछुरिया सडक ग्राभेल तथा मर्मत उ.स. | ४२८५७२.०० | ५५०००.०० | ४२८५७२.०० | १२४८३.०० |
| ९. | शिवपुर कलभर्ट-कलम बडुवालको घर हुदै उत्तर लठुवासम्म ग्राभेल तथा मर्मत उ.स. | ४२८५७२.०० | ५५०००.०० | ४२८५७२.०० | १२४८३.०० |
| १०. | करैचा उत्तर टोल सडक ग्राभेल तथा मर्मत उ.स. | ४२८५७२.०० | ५५०००.०० | ४२८५७२.०० | १२४८३.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | ४५७१४३३.०० | ६०२१४२.०० | ४५७१४३३.०० | १३३१५२.०० |

**पुंजिगत तर्फ :**

२७. स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) को बुंदा नं. ३ मा नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न बिषयलाई प्राथमिकता दिनु पर्ने उल्लेख छ ।

(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,
(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
(घ) स्थानीय सहभागिता जुट्ने, स्वमंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
(ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
(च) महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
(छ) लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धी हुने,
(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुर्याउने, आदी ।

नगरपालिकाले विभिन्न टुक्रे योजनाहरुको सञ्चालन गरेको देखिन्छ, नगरपालिकाद्धारा ३ लाखभन्दा कमका ५०० भन्दा बढी योजनाहरु सञ्चालन गरेको मध्ये केही उदाहरण देहाय बमोजिम छन् । यस्तो प्रकृतिका योजनाहरुको लागि आर्थिक, मानवीय साधनहरुको लागतको तुलनामा प्राप्त प्रतिफल न्यून हुने तथा दीगो विकासमा समेत टेवा नपुग्ने देखिन्छ । अतः कार्यालयले उपलब्ध स्रोत साधनहरुलाई मितव्ययी तरिकाले परिचालन गरी प्रभावकारी रुपले उच्चत्तम प्रतिफल प्राप्त गर्ने तथा वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा उल्लेखित निर्देशिकाको कार्यन्वयनमा ध्यान दिनुपर्दछ ।

| j*f | ljj/)f | /sd - ?=_ |
|---|---|---|
| j*f g+= 1 | ufpF#/ lSnlgs-s/g af]x/fsf] #/;Dd af^f] u\|fe]n | 200000.00 |
| | rGb\|sfGt kf}*]nsf] #/-;Dt>L x'b} /fhdfu{;Dd af^f] u\|fe]n | 250000.00 |
| | j]nsf]^ dxf]Gofn dlGb/ lgdf{)f | 150000.00 |
| j*f g+= 2 | ^gsk'/ rf}/fxf-ad;/sf] O{^f e‡f;Dd u\|fe]n | 200000.00 |
| | kf)*]rf]s-lbg]z (sfnsf] #/;Dd u\|fe]n | 200000.00 |
| | nf]#/sf] k%f*L k‡L (f]nfg^f]nsf] s'nfdf :n]k lgdf{)f | 100000.00 |
| j*f g+= 4 | dh/]g v]t-pQ/ em'lnofdf df^f] k^fg / u\|fe]n | 100000.00 |
| | lutf rf}w/Lsf] #/-pQ/ k'/fgf] d"n af^f]df u\|fe]n | 40000.00 |
| | /hgf ^f]ndf df^f] k^fg / u\|fe]n | 100000.00 |
| j*f g+= 5 | ;/}of ;fd'bflos ejgdf zf}rfno tyf #]/jf/ lgdf{)f | 100000.00 |
| | *f]s]ahf/-/f=df=lj= | 125500. |

| | | |
|---|---|---|
| | b]pslnof;Dd df^f] k^fg | 00 |
| | Plnhf k;n-wfg'ssf] #/;Dd df^f] e/fg / u\|fe]n | 100000.00 |
| j*f g+= 6 | a*ft*f] cf=lj=sf] af^f] d^fg tyf u\|fe]n | 200000.00 |
| | ;/:jtL cf=lj=df u]^ lgdf{)f | 100000.00 |
| | nfnaxfb'/ rf}w/Lsf] #/-klZrd;Dd df^f] k^fg tyf u\|fe]n | 300000.00 |
| j*f g+= 12 | lqj])fL ahf/df ;fj{hlgs :^n lgdf{)f | 300000.00 |
| | c:jfjfjf dlGb/ lgdf{)f | 200000.00 |
| | lqj])fL ahf/df ;fj{hlgs rf}tf/f lgdf{)f | 100000.00 |

२८. **टुक्रा खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी एउटै प्रकृतिका कार्यलाई टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । नगरपालिकाले निम्न फर्महरुबाट प्रतिस्पर्धा नगराई पटक पटक खरिद गरि खर्च लेखेकोले देखियो ।

| गो.भौ.नं./मिति | विवरण | आपुर्तिकर्ता | रकम (रु.) |
|---|---|---|---|
| २८०-०७५/०१/२६ | फर्निचर खरिद | के.बी एण्ड डि.टी. सप्लायर्स | ५६७९६३.०० |
| ६२१-०७५/०३/३१ | फर्निचर खरिद | हिदान तथा काष्ठ फर्निचर उद्योग | ४७४६००.०० |
| ६२२-०७५/०३/३१ | फर्निचर खरिद | शिवपुरी फर्निचर उद्योग | ४६९५१५.०० |
| ६२६-०७५/०३/३१ | फर्निचर खरिद | दुर्गा स्टील फर्निचर उद्योग | ३९१४३५.०० |
| | **जम्मा** | | **१९०३५१३.००** |

२९. **कन्टिन्जेन्सी भुक्तानी :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) बमोजिम उपभोक्ता समितिलाई निर्माण कार्यको काम दिँदा लागत अनुमानमा रहेको कन्टिन्जेन्सी रकम कट्टा गरेरमात्र भुक्तानी गर्नुपर्नेमा देहाय बमोजिमको निर्माण कार्य गर्दा निर्माण उपभोक्ता समितिलाई नियम विपरित रु.97,052.00 कन्टिन्जेन्सी वापतको रकम भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल हुनुपर्ने रु.........

| गो.भौ.नं.। मिति | उपभोक्ता समितिको नाम | कन्टिन्जेन्सी कट्टा गर्नुपर्ने | कन्टिन्जेन्सी कट्टा गरेको | घटी रकम (रु.) |
|---|---|---|---|---|
| २२-०७४/०६/०१ | सुखड लठुवा सडक पक्की नाला निर्माण | 90910.00 | 48174.00 | 42736.00 |
| २२-०७४/०६/०१ | सुखड भजनी रोड ढल नाला निर्माण | 164552.00 | 110236.00 | 54316.00 |
| | **जम्मा** | **255462.00** | **158410.00** | **97052.00** |

९७,०५२.००

३०. **आनुपातिक कट्टी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायसँग कार्य गराउदाँ लागत अनुमानमा समावेश रहेको जनसहभागिताको अंश कट्टा गरी मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले देहाय बमोजिम उपभोक्ता समितिसँग कार्य गराई भुक्तानी गरेकोमा सम्झौता बमोजिम वास्तविक कार्यसम्पादनको आधारमा जनसहभागितको अंश कट्टा नगरी भुक्तानी दिएकोले सम्बन्धितबाट असुल हुनुपर्ने देखिएको रु...... २,६१,०८२.००

| योजना | लागत अनुमान | जनसहभागिता तथा कन्टिन्जेन्सी | कार्यसम्पन्न मूलयांकन | भुक्तानी गर्नुपर्ने( जनसहभागिता तथा कन्टिन्जेन्सी बाहेक) | भुक्तानी गरेको | बढी भुक्तानी( रु.) |
|---|---|---|---|---|---|---|
| जुरपानी चौरठ्ठी बीचको कल्भर्ट उ.स. | 1,003,935. | 219,935. | 866,095.00 | 676,876.00 | 784,000.00 | 107,124.00 |
| कन्द्रा र डोडाखोला डाईभर्सन योजना | 2,736,200. | 624,200. | 2,563,630. | 1,998,103.00 | 2,086,103.00 | 88,000.00 |
| खोप केन्द्र निर्माण समिति | 550556. | 110111. | 550556.00 | 440445.00 | 490000.00 | 49555.00 |
| भजनी रोड-सीतानगर टोलको बाटो स्तरोन्नती | 976090. | 195900. | 955497.00 | 759597.00 | 776000.00 | 16403.00 |
| **जम्मा** | | | | | | **261,082.00** |

३१. **नगरपालिका भवन** : नगर कार्यपालिकाको मिति २०७४।१२।१५को निर्णय अनुसार सुखड बजारको उत्तर तर्फको जग्गामा नगर पालिकाको भवन बनाउने प्रयोजनको लागि IEEर DPRतयार गर्ने गरी निर्णय भएको पाईयो । कार्यालयको भवन निर्माणको लागि मुन लाईट डेकोर जे.भीसंग सिधै सम्झौता गरी भवन निर्माणको डिटेल सर्भे तथा लागत अनुमान गरेको देखियो । नगरपालिका भवन सपिङ कम्प्लेक्स भवनको कूल लागत रु.६,२०,३५,६९४।- देखिन्छ । तर नगरपालिकाले भवन निर्माणको निर्णय भएको जग्गा सामुदायिक वनको जग्गा रहेको जानकारी प्राप्त भएको छ । सामुदायिक वनको जग्गा भोगाधिकारको अख्तियारी प्राप्त भएको छैन भने भवन निर्माणको लागि बजेटको सुनिश्चितता गरेको/भएको छैन । बजेट तथा वनको जग्गा प्राप्त हुने आश्वस्थता नहुदै परामर्शदाता नियुक्ती गरी रु.११,४१,३००।- खर्च गरेको देखिन्छ ।

३२. **बजेट बेगर लागत अनुमान** : नगर कार्यपालिकाको २०७४।१२।१५ को निर्णय अनुसार घोडाघोडी नगरपालिकाको बडा नं ६ को बसन्तामा पक्की पूल निर्माणको लागि ड्रइङ डिजाईन तथा लागत अनुमान तयार गर्न लगाउने गरी भएको निर्णय अनुसार निम्नानुसार पूलको निम्नानुसार लागत अनुमान गरेको र परामर्श दातालाई निम्नानुसार रकम भूक्तानी गरेको पाईयो । नगरपालिकाले ठूला आयोजना संचालनको लागि वजेटको व्यबस्था नभएको र उक्त पूल लगायत अन्य ३० करोड लगभगको सडक अयोजना संचालनका लागि प्रदेश/संघिय सरकारलाई अनुरोध गर्ने भनि निर्णय गरेको छ । कार्यक्रम तथा वजेटको सुनिश्चितता नगरी परामर्शदातासंग सम्झौता गरी काम गराएकोले औचित्य पुष्ट्याई वेगर योजनाको डिटेल सर्भे तथा लागत अनुमान गरी बजेट खर्च गरेकोले बजेट खर्च गर्दा लागत-लाभ विश्लेषण गरी उपलब्धिमुलक कार्यको लागि बजेट परिचालन गर्नेतर्फ नगरपालिकाले ध्यान दिनुपर्ने देखिएको रु....

| सि. नं | डिटेल सर्भे तथा लागत अनुमान भएको पूलको नाम | लागत अनुमान( मु.अ. कर सहित) | परामर्श खर्च |
|---|---|---|---|

२९,०६,३६०.००

| | | | |
|---|---|---|---|
| १ | वडा नं २ र ६ को सिमाको सिरानगर -वसन्ता पक्किपूल | ८,६१,३४,१०९।- | ९,२३,२१०।- |
| २ | वडा नं ५(congalipur – Rajipur ) ढोडा खोलापूल | ५,४०,२४,४७६।- | १९,८३,१५०।- |
| ३ | वडा नं ४ (Bhalupatha–maitawa Road) Kauwa khola | ३,६५,०२,२१९।- | |
| | **जम्मा** | **१७,६६,६०,८०४।-** | **२९,०६,३६०।-** |

३३. **आर्थिक सहयोग :** नगर कार्यपलिकाले निर्णय गरी बिभिन्न निकायहरुलाई आर्थिक सहायता तथा सहयोग प्रदान गरेको देखियो । आर्थिक सहायता दिंदा वजेट तथा निश्चित मापदण्ड तयार गरी मात्र यस्तो सहयोग दिने व्यबस्था हुनु पर्ने देखिन्छ ।

| सि.नं | बिबरण | रकम |
|---|---|---|
| १ | बुलबुले बहुमुखी क्याम्पस जग्गा खरिद | 1800000.00 |
| २ | गैह्र सरकारी संस्था महासंघ | 200000.00 |
| ३ | ईलाका प्रहरी कार्यलयलाई गाडी मर्मत | 100000.00 |
| ४ | सिता कुण्ड धार्मिक महोत्सव | 10000.00 |
| ५ | बुटका बबा माघी महोत्सव समित | 20000.00 |
| ६ | बृहत घोडाघोडी माघी मिलन सास्कृति महोत्सव | 50000.00 |
| ७ | अस्ना महोत्सव | 20000.00 |
| ८ | गौरी गंगा सांस्कृतिक महोत्सव | 10000.00 |
| ९ | लवाङी महोत्सव | 50000.00 |
| | **जम्मा** | **2260000.00** |

३४. **अनुदान** : नगर कार्यपालिकाको २०७५।०३।०९ को बैठकको निर्णय अनुसार घोडाघोडी नगरपालिका वडा नं १० मा संचालित बुलबुले बहुमुखि क्यम्पसलाई जग्गा खरिदको लागि क्याम्पससंग सम्झौता गरी सम्झौतामा उल्लेखित मितिमा जग्गा खरिद गरि जग्गा प्राप्तिको लिखित र जग्गा धनीपूर्जाको प्रतिलिपि नगरपालिकामा पेश गरे पछि रु. १८,००,०००।- नगद दिनेगरी निर्णय भएकोमा सम्झौता नगरी क्याम्पसलाई नगद पेश्की दिएको छ । उक्त रकम लेखापरीक्षण अबधिसम्म फछ्यौट भएको छैन ।

३५. **खर्चको उपलब्धि :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५(ड) मा कार्यक्रम अनुसार निर्धारित समयभित्र प्रगति भए/नभएको तथा कामको गुणस्तर र परिमाण सन्तोषजनक भए/नभएको सम्बन्धमा विश्वस्त हुनुपर्ने व्यवस्था छ । नगरपालिकाले सेति ह्युमपाईप तथा विद्युत पोल उद्योग प्रा. लि.बाट खरिद भएको बिभिन्न साईजको ह्युम पाईप खरिद गरी रु. ८७,६०,३८१।५० खर्च लेखेकोमा उक्त ह्युमपाईपहरु के/कस्तो अवस्थामा छन्, त्यस सम्बन्धमा प्राविधिक मुल्यांकन तथा अनुगमन मुल्यांकन गरेको नदेखिएको तथा कार्यक्रम प्रगति सम्बन्धमा समेत आश्वस्थता नभएकोले खर्च गर्दा परिमाणमूखी कार्यको लागि खर्च गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३६. **ठेक्काको म्याद थपः** ठेक्का नं ३/२०७३।७४ सुख्खड लाठुवा सडक चेनेज ०+०० देखि ४+४७० सम्म पक्की सडक निर्माणको लागि निर्माण व्यबसायी जय गौरी कष्ट्रक्सन कम्पनी टिकापुरसंग ३ महिना अवधिमा निर्माण कार्य सम्पन्न गर्ने गरी २०७४।०२।०४ मा ठेक्का सम्झौता भएको थियो । निर्माण व्यबसायीले सडक निर्माणको सम्झौता गरी रु.१२,४१,६००।- पेश्की लिएपछि सडकको कुनैपनि काम गरेको छैन यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन ।

३६.१. **बैंक ग्यारेण्टी :** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ६३(ग) अनुसार खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटी गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेमा वा खरिद सम्झौता बमोजिमको गुणस्तरीय कार्य नभएको कुरा पछि प्रमाणित भएमा बोलपत्र दातासंस्था वा कम्पनिलाई निजको कार्यको गाम्भिर्यताको आधारमा सार्बजनिक खरिद अनुगमन कार्यालयले एक बर्षदेखि तीन बर्ष सम्म कालोसूचीमा राख्न सक्ने व्यबस्था रहेको छ । कार्यालयले पेश्की लिई काम नगर्ने निर्माण १९५००००.००

<table>
<tr><td></td><td>व्यबसायीलाई कामको लागि ताकेता गरेको देखिएन । निर्माण व्यबसायीले राखेको कार्य सम्पादन जमानत बापतको रु.३,९०,०००।- र रु.१५,६०,०००।- को अग्रिम भूक्तानीको प्रभु बैकको बैक ग्यारेण्टीको अबधि समाप्त भै सकेको छ । निर्माण व्यबसायीलाई कालोसूचीमा राख्नको लागि खरिद अनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने र नियमानुसार कार्य सम्पादन जमानत नवीकरण गरी जफत गर्ने र काम नगर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम कारबाही गर्नुपर्ने देखिएको रु.</td><td></td></tr>
<tr><td>३६.२.</td><td>ब्याज : आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ७७(२) अनुसार पेश्की दिनु पर्ने ठेक्काका कबुलियतनामा गर्दा काम पुरा हुन पर्ने भनि तोकिएको म्याद भित्र कामपुरा नगरी पेश्की बाँकी रहेमा त्यस्तो पेश्की रकमको म्याद नाघेको मिति देखि बार्षिक १० प्रतिशतका दरले व्याज समेतको साँवा बुझाउनु पर्ने व्यबस्था रहेकोमा निर्माण व्यबसायीले लिएको पेश्की रकम लिएको मिति देखि रु.१२,४१,६००।- को व्याज सहित असुल हुनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३७.</td><td>ठेक्का म्याद : नगरपालिका अन्तर्गत निम्न ठेक्काहरुको निर्माण कार्य ३ महिनामा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएकोमा तोकिएको समयमा निर्माण कार्य सम्पन्न नभई बारम्वार म्याद थप गरेको देखियो । कार्यालयले निर्माण कार्य समयमा सम्पन्न गर्न ताकेता पनि नगरेको र नगर कार्यपालिकाको निर्णयबाट ठेक्काको म्याद २०७४ चैत्र मसान्त सम्म सिधै थप गरेको पाईयो । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।
<table>
<tr><th>ठेक्का नं.</th><th>निर्माण व्यबसायीको नाम</th><th>सम्झौता मिति</th><th>सम्झौता रकम</th><th>हाल सम्म भूक्तानी रकम</th><th>सम्पन्न प्रतिशत</th></tr>
<tr><td>२-२०७३।७४</td><td>रामारोसन निर्माण सेवा साडेपानिघुसर सडक ०+०० देखि ०+५४०</td><td>२०७४।२।४</td><td>७७९०३३७।००</td><td>६७,९८९७२।९३</td><td>८७.२७</td></tr>
<tr><td>१-२०७३।७४</td><td>जय गौरी निर्माण सेवा</td><td>२०७३।१०।६</td><td>५३७९९८३।३४</td><td>२७,२३६९१।००</td><td>५०.६२</td></tr>
</table></td><td></td></tr>
<tr><td>३७.१.</td><td>ठेक्का नं १-२०७३।७४ जय गौरी निर्माण सेवा कार्यसम्पादन जमानत र अग्रिम पेश्की बापतको बैक ग्यारेन्टी प्रभु बैकको क्रमश रु. १५,००,०००।- र ९,५०,०००।- को म्याद समाप्त भै सकेको छ । ठेक्का नं २-२०७३।७४ रामा रोसन निर्माण सेवाको कार्यसम्पादन जमानतको म्याद रु. ३,५०,०००।- को सम्पन्न भै सकेको हुदा बैक ग्यारेण्टीको म्याद थप हुनु पर्ने रु.</td><td>२८०००००.००</td></tr>
<tr><td>३७.२.</td><td>पूर्वनिर्धारित क्षतिपूर्ति : सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार काबुबाहिरको परिस्थिति, सार्बजनिक निकायले उपलव्ध गराउनु पर्ने कुरा उपलव्ध गराउन नसकेको वा अन्य मानसिव कारणबाट खरिद सम्झौताको म्याद थप गर्नुपर्ने भएमा आबश्यक जाँचबुझ गरी म्याद थप गर्न सकिने व्यबस्था रहेको छ । म्याद थप गर्ने मनासिव कारण बेगर निर्माण व्यबसायीको ढीलाईको कारणले ठेक्काको काम ढीलाई भएमा नियम १२१ अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यबस्था छ । २०७४ चैत्र मसान्त सम्म म्याद थप भएको निर्माण व्यबसायीले म्याद थप माग गरेको समेत नदेखिएको र कार्यको प्रगति स्थिति सन्तोषजनक नदेखिएकोले नियम १२१ अनुसार सम्झौता रकमको १० प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी निर्माण व्यवसायी उपर आबश्यक कानुनी कार्यबाही हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३८.</td><td>पेश्की बांकी : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले विभिन्न उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुलाई दिईएको पेश्कीहरुमध्ये लेखापरीक्षण अवधिसम्म फछ्र्यौट हुन बांकी देखिएको पेश्की रु......
<table>
<tr><th>सि.नं</th><th>खर्च शीर्षक</th><th>पद र नाम</th><th>पेश्की रकम</th></tr>
<tr><td>१.</td><td rowspan="3">[illegible]</td><td>सुचना अधिकृत श्री राम प्रसाद चौधरी</td><td>3390.00</td></tr>
<tr><td>२.</td><td>संस्थागत पेश्की कैलाली नेत्रहिन संघ</td><td>10000.0</td></tr>
<tr><td>३.</td><td>युवा संजाल घोडाघोडी नगरपालिका १०</td><td>66000.0</td></tr>
</table></td><td>5487890.00</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ४. | | घोडाघोडी क्लब | 150000.00 |
| ५. | | सहारा युवा क्लब | 150000.00 |
| ६. | | सुख्खड सामुदायिक सिकाई केन्द्र | 66000.00 |
| ७. | | जे.वि. निर्माण सेवा | 850000.00 |
| ८. | | वेलार सडक स्तरोन्नती उपभोक्ता समिति | 33000.00 |
| ९. | पूँजीगततर्फ | शान्तिनगर रिङ्गरोड निर्माण उपभोक्ता समिति | 1914000.00 |
| १०. | | बाटो ग्राभेलिङ्ग तथा बाटो चौडा उपभोक्ता समिति | 330000.00 |
| ११. | | वडा कार्यालय तथा सडकबाँध उपभोक्ता समिति | 115500.00 |
| १२. | | बुलबुले बहुमुखी क्याम्पस | 1800000.00 |
| | | **जम्मा** | **5487890.00** |

| | | |
|---|---|---|
| | **शिक्षा तर्फ :** | |
| ३९. | **बढी निकासा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकम भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिका अन्तर्गतका सीताकुण्ड मा.वि. गणेशपुरको दरवन्दी अनुसार माग गरेको तिन चौमासिक वापत रु. ६०,७२,५२७- देखिएकोमा तिन चौमासिकको जम्मा निकासा रु. ६१,९९,१५८।- देखिएकोले बढी निकासा गरेको रु. १,२६,६३१।- असुल हुनुपर्ने देखिएको रु......... | १,२६,६३१.०० |
| | **स्वास्थ्य तर्फ :** | |
| ४०. | **बिल भरपाई :** ७०७४९।२३ः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नु पर्ने ब्यबस्था छ । कार्यालयले आमा सुरक्षा कार्यक्रमबाट घोडाघोडी अस्पताललाई रु १,३६,२००।- बिल भरपाई बेगर भुक्तानी गरेको देखिएकोले उक्त संस्थाबाट बिल भरपाई पेश हुनुपर्ने अन्यथा असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु......... | 1,36,200.00 |
| ४१. | **धरौटी :** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम विभिन्न भुक्तानीहरुमा कट्टा गरेको धरौटी रकमलाई धरौटी खातामा आम्दानी बाँधी धरौटीको नामनामेसी विवरण अद्यावधिक गरी राख्ने व्यवस्था छ । कार्यालयले रामारोशन निर्माण सेवाको रु. १,५४,२७१।८७ र जय गौरी कन्स्ट्रक्सन प्रा.लि.को रु. ५४,३०५।०० समेत गरी रु. २,०८,५७६।८७ संचित कोष खातामा राखेको पाईयो । अतः संचित कोषमा राखिएको धरौटी वापतको रकमहरुलाई धरौटी खातामा सारी धरौटीको नामनामेसी विवरण अद्यावधिक गरी राख्नुपर्ने देखिन्छ । | |
| ४२. | **सामाजिक सुरक्षा भत्ताः** सामजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को १५(ख) मा सामाजिक सुरक्षा भत्ता निजको व्यक्तिगत नाममा खोलिएको बैंक खातामा कार्यालयले रकम जम्मा गरि दिनुपर्ने तथा तोकिएको शर्त पूरा भएका परिच्छेद ३ मा उल्लेख भए बमोजिमको भत्ता पाउने व्यवस्था छ । कार्यालयले बिगतमा दरख गाउं विकास समिति हुंदाका बखत बैक मार्फत सामाजिक सुरक्षा भत्ता बितरण भई आएकोमा समेत जन प्रतिनिधि आए पश्चात बैंक मार्फत सामाजिक सुरक्षा वितरण नगरी सम्बन्धितलाई नगदै वितरण गर्ने गरी ब्यवस्था गरेको देखियो । अतः कानूनको पालना नगरी स्थानीय तहको | |

| | | |
|---|---|---|
| | निर्णयको आधारमा सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्नु नियम सम्मत देखिएन । निर्देशिकाको पालना गरी सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गर्नुपर्दछ । अन्य व्यहोराहरु यस प्रकार देखिएको छ । | |
| ४२.१. | वडा नं. १ सचिव श्री प्रेम सुनारले दलित बालबालिका भत्ता श्री दुर्गा सुनारलाई दोस्रो किस्ता रकम वितरण गर्दा एउटै व्यक्तिको २ ठाउँमा नाम दर्ता गरी रु. १,६००।- का दरले रु. ३,२००।- भुक्तानी गरेको देखियो । दोहोरो भुक्तानी गरेको रु १,६००।- असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु...... | 1,600.00 |
| ४२.२. | वडा सचिव श्री प्रेम सुनारले वडा नं. १ को जेष्ठ नागरिकको भत्ता वितरण गर्दा जोड जम्मा फरक पारी रु. २४,०००।- खर्च लेख्नुपर्नेमा रु. ३२,०००।- खर्च लेखेकोले रु. ८,०००।- असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु...... | 8,000.00 |
| ४२.३. | वडा नं. ४ र ९ का वडा सचिव श्री यज्ञ राज आचार्यले पहिलो, दोस्रो र तेस्रो किस्ता सामाजिक सुरक्षा भत्ता वितरण गर्दा जोड जम्मा रु. २०८,५०,७००.०० हुनुपर्नेमा रु. २०८,८०,६००.०० देखाई बढी खर्च लेखेको रु. २९,९००.०० निज सचिव सँग असुल गरी सँघीय सँचितकोष दाखिला गर्नुपर्ने रु. | 29,900.00 |
| ४२.४. | वडा नं. ४ का सचिव श्री यज्ञराज आचार्यले एकल महिला भत्ता बापत श्री नन्दी बुढालाई चार महिनाको रु. ४०००.०० भुक्तानी दिनु पर्नेमा रु.८०००.०० का दरले भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रकम जिम्मेवार व्यक्तिबाट असुल गरी सँघीय सँचित कोष दाखिला गर्नुपर्ने रु. | 4,000.00 |
| ४२.५. | पञ्जीकरण विभागको रकम एम.आई.एस. विवरणमा सामाजिक सुरक्षा भत्ता पाउने सुचिमा दर्ता नभएका देहायका व्यक्तिहरुलाई समेत वडा नं. १ का सचिव श्री प्रेम सुनारले भत्ता वितरण गरेको खर्च देखाएकोले सम्बन्धीतबाट असुल गरी दाखिला गर्नुपर्ने रु...... | 24,000.00 |

| सि.नं | बिबरण | नाम | जम्म मिति | रकम |
|---|---|---|---|---|
| १ | बिधुवा | श्री खगीसरा बन्टोला वडा नं १ | २०३४/५/३ | ४०००.०० |
| २ | बिधुवा | श्रीकोइली दमीनी वडा न१ १ | २०२७/१/८ | ४०००.०० |
| ३ | जेष्ठनागरीक | श्री कृष्णवती आचार्य | १९८३/१२/३० | ८०००.०० |
| ४ | दलित बालबालिका भत्ता | श्री अनमोद बि.क. | २०७२/२/२० | १६००.०० |
| ५ | दलित बालबालिका भत्ता | श्री करण वि.क. | २०७०/६/६ | १६००.०० |
| ६ | दलित बालबालिका भत्ता | श्री प्रबिन बि.क | २०७०/७/२५ | १६००.०० |
| ७ | दलित बालबालिका भत्ता | श्री सुवि परीयार | २०७२/४/१८ | १६००.०० |
| ८ | दलित बालबालिका भत्ता | श्री सुष्मा वि.क | २०७१/१/१२ | १६००.०० |
| | | **जम्मा** | | **२४०००.००** |

| | | |
|---|---|---|
| ४३. | **जिन्सी निरीक्षण प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा कार्यालय प्रमुखले वर्षमा कम्तीमा १ पटक आफै वा प्राविधिक कर्मचारी लगाएर जिन्सी मालसामानको निरीक्षण गराई प्रतिवेदन लिखित रुपमा दिई राख्नुपर्ने साथै प्राप्त जिन्सी निरीक्षण प्रतिबेदन अनुसार मर्मत गर्नुपर्ने मालसमान भए ३ महिना भित्र र लिलाम गर्नुपर्ने मालसामान भए ६ महिना भित्र लिलाम बिक्री गरी जिन्सी अभिलेख अद्यावधिक गराई राख्नु पर्ने व्यवस्था छ । कार्यालयले जिन्सी निरीक्षण प्रतिबेदन तयार गरेपनि सो माथि आवश्यक कारवाही गरेको देखिएन । | |
| ४४. | **बित्तीय जवाफदेहिता मूल्यांकन :** कार्यालयले विभिन्न ऐन कानुन एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी बित्तीय जवाफदेहिताको सर्त उच्च राख्नु पर्दछ । व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट प्राप्त नतिजा अनुसूची-१ मा उल्लेख छ । मूल्यांकन अनुसार सरकारी सम्पत्तिको लगत, संरक्षणको पर्याप्त व्यवस्था नगरेको, आन्तरिक तथा अन्तिम लेखापरीक्षणबाट औंल्याइएको बेरुजूमाथि कुनै कारवाही नगरेको, सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह नभएको, निकायबाट प्रवाह हुने सेवाको नागरिक बडापत्र तथा सेवाको गुणस्तर | |

| | | |
|---|---|---|
| | सुधारका सम्बन्धमा उपयुक्त उपायहरुको अवलम्वन नभएको, ठेक्का व्यवस्थापनमा समयतालिकाको पालना नगरेको, तोकिएको मापदण्डअनुसार सार्वजनिक निर्माण तथा खरिद कार्यको गुणस्तर निर्क्यौलको नगरेको, जस्ता व्यहोराहरु देखिन आएकोले सो बमोजिम कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले "B" ग्रेडिङ प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ । | |
| ४५. | **सम्परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा कार्यालयले सम्परीक्षणको लागि अनुरोध गरको छैन् । | |
| ४६. | **बेरुजु :** नगरkflnsfsf प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु. २४ लाख ५७ हजार, नियमित गर्नुपर्ने रु. २९ लाख ०६ हजार, प्रमाण कागजात पेश नभएको बेरुजु रु. ५ करोड५४ लाख ७८ हजार र पेश्की बाँकी देखिएको रु. ५४ लाख ९९ हजार समेत रु. १ करोड ६९ लाख ८५ हजार बेरुजु देखिएकोमा प्रमाण कागजात सहित प्रतिकृया प्राप्त नभएकोले रु. ६ करोड ६३ लाख ३६ हजार बेरुजु कायम भएको छ । | |
| ४७. | **अनुगमन तथा मूल्याङ्कन :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजु फछ्र्यौट गर्नुपर्ने तथा सोही ऐनको दफा ८४(२)(घ) बमोजिम बेरुजु फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजु फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजु स्थिती निम्नानुसार देखिएको छ : (रु. हजारमा) | |

| गत वर्षको बेरुजु रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| ६५९२ | ० | ६५९२ |

| | | |
|---|---|---|
| ४८. | **अद्यावधिक बेरुजु स्थिति :** नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ : (रु. हजारमा) | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C) | यो वर्षको सं प.बाट कायम बेरुजुरु. (D) | यो वर्षको कायम बेरुजुरु. (E) | बाँकी (F= C+D+E) |
|---|---|---|---|
| ६५९२ | ० | ६६३३६ | ७२९२८ |

अनुसूची-१

# घोडाघोडीनगरपालिका

## बेरुजु वर्गीकरण

२०७४।७५

**(रु.हजारमा)**

| **प्रारम्भिक बेरुजू** | | | **प्रतिक्रियाबाट फछ्र्यौट** | | | **बाँकी बेरुजू** | | | **वाँकी बेरुजू** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **दफा संख्या** | | रकम | **दफा संख्या** | | रकम | **दफा संख्या** | | रकम | अशुल गर्नुपर्ने | **नियमित गर्नुपर्ने** | | | | | **पेश्की** | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | मोविलाईजेशन | कर्मचारी | अन्य | जम्मा |
| ३४ | २० | ६६३३५ | | | | ३४ | २० | ६६३३६ | २४५७ | २९०६ | ५५४८५ | - | - | ५८३९१ | ८५० | ०३ | ४६३४ | ५४८८ |

अनुसूची-२

## सञ्चित कोष विवरण

**२०७४।७५**

**(रु.हजारमा)**

| **आय** | | | | **जम्मा आय** | **व्यय** | | | | **मौज्दात** |
|---|---|---|---|---|---|---|---|---|---|
| **गत वर्षको जिम्मेवारी** | **समानीकरण अनुदान** | **सशर्त तथा अन्य बजेट अनुदान** | **अन्य आय** | | **चालु खर्च** | **पूँजीगत खर्च** | **अन्य खर्च** | **जम्मा खर्च** | |
| १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| ३८८२४ | ४०५२८३ | २७०३८२ | ३५३०३ | ७१०९६८ | २८७५६० | २८७५६० | ०.०० | ५७५१२० | १७४६७२ |